चन्दननाथ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय
## खलङ्गा बजार, जुम्ला

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :-२०८०।८१

मिति २०८०।११।०९

च.नं. :-

### विषय : प्रस्तावना पेश गर्ने सम्बन्धमा ।

श्री चन्दननाथ नगरपालिकाभित्रका सामुदायिक माध्यमिक विद्यालयहरु

उपयुक्त विषयमा आ व २०८०।८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय सरकारबाट वितिय हस्तान्तरण भएका कार्यक्रमहरु मध्ये SESP कार्यक्रम अन्तर्गत क्रियाकलाप नम्बर २.७.१३.१३ को विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान को उप क्रियाकलाप नम्बर ९.५ मा विद्यायमा पुस्तकालय व्यवस्थापन -फिक्सिङ किताव खरिद तथा इ पुस्तकालय स्थापनका लागि चन्दननाथ नगरपालिका अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयहरुलाई छनौट गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र देहायका आधार पुगेका माध्यमिक विद्यालयहरुले यस शिक्षा युवा तथा खेलकुद शाखामा प्रस्तावना पेश गर्न हुन जानकारी गराइन्छ । प्रस्तावना मूल्यांकनका आधारमा उच्चतम अंक प्राप्त गर्ने विद्यालयहरुलाई छनौट गरिनेछ ।

### प्रस्तावनामा संलग्न गर्नु पर्ने कागजातहरु

१ पुस्तकालय नभएका सामुदायिक माध्यमिक विद्यालयहरु ।

२ गत विगत आ व मा कुनै पनि शीर्षकमा पुस्तकालय अनुदान प्राप्त नगरेका विद्यालयहरु ।

३ विद्यार्थि संख्या उच्च रहेका विद्यालयहरु ।

४ पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरु ।

५ यस नगरपालिका अन्तर्गतका सबै माध्यमिक विद्यालयहरुले यस प्रकारको अनुदान १ पटक प्राप्त गरिसकेका भए उच्च विद्यार्थि संख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा ६ देखि ८ संचालित विद्यालयलाई पनि अनुदान उपलव्ध गराउन सकिनेछ ।

~~२ गत विगत आ व मा कुनै पनि शीर्षकमा~~

प्रशासकीय अधिकृत

Scanned with CamScanner

६ छनौट भएका विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिइनेछ ।

७ उक्त अनुदानबाट विद्यालयले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रि खरिद गर्नु पर्नेछ ।

८ लाइब्रेरीका लागि आवश्यक पर्ने फर्निचरहरु जस्तै पुस्तक र्याक बसाइ व्यवस्थापनका लागि कुर्सि टेबल लगायतका सामग्रिहरु व्यवस्थापनं गर्न कूल बजेटको २५ प्रतिशत सम्म सार्वजनिक खरिद ऐन अनुसार खर्च गर्नु पर्नेछ ।

९ यस बापत प्राप्त अनुदानबाट विद्यार्थिको पठन पाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्रिहरु खरिद गर्न पाइने छैन ।

१० विद्यालयले पुस्तकालयमा पुस्तक व्यवस्थापन गर्दा कक्षा ११ र १२ का लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सामग्रि अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

शाखा प्रमुख

खडानन्द चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner